पुस्तिकाको छोटो परिचय

यस पुस्तिकामा मानव बेचबिखन तथा ओसारपसार भनेको के हो, मानव वेचविखन तथा ओसारपसार किन हुन्छ, मनोसामाजिक समस्या भनेको के हो, यसका कारण, लक्षण तथा अशरहरू के के हुन् र समस्या भएमा त्यसको सामना गर्न कस्ता कस्ता बिधिहरू प्रयोग गर्न सकिन्छ भन्ने बारेमा जानकारी समावेश गरीएको छ । यसका साथै मानव बेचबिखन तथा ओसारपसारबाट पिडित वा प्रभावितहरूलाई समुदायमा पुर्नएकिकरणका लागि कस्तो प्रकृया अवलम्वन गर्नु पर्दछ, मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूलाई परिवार तथा समुदायले कसरी सहयोग पुऱ्याउनुपर्दछ र मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूलाई मनोसामाजिक सहयोगका लागी काहा सिफारिस गर्न सकिन्छ भन्ने विषयमा प्रष्ट्राउन खोजिएको छ । यो पुस्तिका समुदायका आम मानिसहरूले सहज रूपमा पढ्न र बुझ्न सक्नुहुन्छ भन्ने आशा गरीएको छ । यो पुस्तिका प्रकाशन गर्नु पूर्व समुदायका केहि मानिसहरूसँग यो पुस्तिकालाई कसरी बुझ्नु हुन्छ भनेर परिक्षण गरे पश्च्यात् प्रकाशन गरीएको हो ।

यो पुस्तिका मानब बेचबिखन तथा ओसारपसार बिरूद्धको कार्यक्रम (Combating Trafficking in Persons-CTIP) परियोजनाको लागी तयार पारिएको हो । यो परियोजना नेपालका बिभिन्न ६ वटा जिल्लाहरू (काठमाडौं, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, मकवानपूर, बाँके र कञ्चनपूर) मा युएसएआईडि (USAID) तथा द एसिया फाउण्डेसनको सहयोगमा सञ्चालित परियोजना हो । यस परियोजनाको मुख्य लक्ष भनेको मानव बेचबिखन तथा ओसारपसार हुन नदिन यस बारेमा सचेतना फैल्याउने, यदि कोहि मानिस बेचबिखन तथा ओसारपसारको शिकार भै हालेमा उनिहरूलाई संरक्षण प्रदान गर्न तथा कानूनी कारवाहीको लागी आवश्यक सहयोग पुऱ्याउनु हो ।

यस पुस्तक तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण व्यक्तिहरूलाई टि. पी. ओ. नेपाल धन्यवाद दिन चाहन्छ । यस पुस्तिकालाई अध्ययन तथा कार्यान्वयन गरी आवश्यक सल्लाह सुझाव दिनु हुनको लागि सम्पूर्ण पाठक वर्गमा अनुरोध गर्दछु ।

सुरज कोईराला
कार्यकारी प्रबन्धक
टि.पी.ओ. नेपाल

बिषय सुचि

सि.न.	बिषय	पेज नं
भाग : एक		
(क)	मानव बेचविखन	१
(ख)	मानव वेचविखन तथा ओसारपसारका प्रयोजनहरू	१
भाग : दुई		
(क)	मनोसामाजिक	२
(ख)	मनोसामाजिक समस्या	३
(ग)	मनोसामाजिक समस्याका कारणहरू	५
(घ)	मानव बेचविखन र मनोसामाजिक समस्या	७
(ङ)	मनोसामाजिक समस्याका लक्षणहरू	८
(च)	मनोसामाजिक समस्या सामना गर्ने बिधिहरू	९
भाग : तिन		
(क)	मानव बेचबिखन तथा ओसारपसारबाट पिडित/ प्रभावितहरू लाई पुर्नएकिकरण प्रकृया	१०
ख)	मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूलाई परिवार तथा समुदायले पुऱ्याउनुपर्ने सहयोग	११
भाग : चार		
(क)	मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरूलाई मनोसामाजिक सहयोगका लागी सिफारिस	१३

भाग : एक

(क)मानव बेचविखन

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार

मानव बेचविखन भन्नाले	ओसारपसार भन्नाले
• कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने • कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने • प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग भिक्ने • वेश्यागमन गर्ने	• किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने • वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले शारीरिक वा मानसिक रूपमा दवाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लाने वा आफुसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने • वेश्याबृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले मन्जुरी विना नेपाल भित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने

(ख) मानव वेचविखन तथा ओसारपसारका प्रयोजनहरु

अहिले सम्मका अध्ययनका आधारमा सामान्यतया मानव बेचबिखन तथा ओसारपसार निम्न लिखित प्रयोजनका लागी भईरहको पाईएको छ ।

- वेश्यावृत्तिमा लगाउन /यौन शोषणका लागी
- घरेलु कामदारको रूपमा राख्न (नोकर वनाउन)
- जोखिमपूर्ण कामहरूमा लगाउन (बिभिन्न जोखिमयुक्त कलकारखानामा काम लगाउने तथा लागु औषध, हात हतियारको ओसारपसार तथा अवैध विदेशी मुद्राको ओसारपसार लगायतका कार्यमा लगाउन, बालबालिकाहरूलाई जरी भर्न लगाउन)
- सर्कसमा खेलाउन
- मगन्ते बनाउन
- सानातिना होटलको काममा लगाउन
- अश्लिल चलचित्र, पूस्तक,पत्रिका तथा नृत्य लगायत मनोरजनात्मक उद्योगमा काम लगाउन
- देवतालाई चढाउन
- बधूवा मजदूर बनाउन
- मनोरज्जनका लागी उट लगायत बिभिन्न जनावरहरूसँग दौडमा प्रयोग गर्न
- अवैध धर्मपूत्र/पूत्री राख्न
- मृगौला, आँखा जस्ता शारीरिक अंगहरूको प्रत्यारोपण गर्न

भाग : दुई

क) मनोसामाजिक

मनोसामाजिक भन्ने शब्दलाई दुई छुट्टा छुट्टै शब्दहरू "मन" र "समाज" बाट विश्लेषण गर्न सकिन्छ । व्यक्तिको मन, सामाजिक श्रोत, प्रकृया र संस्कारसँग अर्न्तक्रिया भईरहन्छ । यहाँ मनलाई मानसिक पक्षको रूपमा लिइएको छ । मन भित्र व्यक्तिको धारणा, सोचाई, इच्छा, आकांक्षा, विचार, संवेग, चाहाना, विश्वास आदि पर्दछन् भने सामाजिक पक्ष भित्र व्यक्तिहरू बीचको विद्यमान सहयोग प्रणाली, अर्न्तसम्बन्ध, रीतिरिवाज, परम्परा, सामाजिक मूल्य/मान्यता, आर्थिक, सांस्कृतिक, धार्मिक सम्बन्ध र वातावरण पर्दछन् ।

उदाहरणका लागि : यदी बालबालिकाहरूसँग विद्यालय गएर पढ्नका लागि उनीहरूको परिवारको आर्थिक अवस्था राम्रो छ र उनीहरूलाई परिवारले पनि अन्य सहयोग (प्रोत्साहन/माया ममता/वातावरण/सामाजिक सम्बन्ध) गर्दछन् भने बालबालिकाले अनुभव गरेका विगतका नराम्रा घटनाहरूलाई विर्सेर उनीहरू अघि बढ्न सक्छन्, जसले उनीहरू त्रासमुक्त, सुरक्षित र मूल्यवान् (अनुभव/विचार) भएको महसुस गराउँछ । — **शिक्षक निर्देशिका (मिना)**

व्यक्ति एउटा समाजमा हुर्केको वा बसेको हुन्छ र त्यस समाज प्रति उसको मन (भावना, विचार, सोचाई) आफ्नै ढङ्गको हुन्छ । यी दुई (मन र समाज) बीचको सम्बन्ध नै मनोसामाजिक सम्बन्ध हो । जब व्यक्तिको ब्यवहारलाई समाजले स्वीकार गर्दछ तब त्यो व्यक्ति त्यस समाजमा राम्ररी समायोजन हुन सफल हुन्छ । त्यसैले व्यक्ति र सामाजिक पक्ष बीच हुने गतिशील सम्बन्ध नै मनोसामाजिक हो ।

यसलाई अझै प्रष्ट पार्न तलको चित्रमा हेरौ ।



सामाजिक सु-सम्वन्ध झल्काउने तस्विरहरू :

परिवारका सदस्यहरू एक आपसमा मिलेर बस्नु

समुदायमा आफ्ना समस्याहरूको बारेमा सामुहिक छलफल गरी समाधान गर्नु



सामुहिक रूपमा कामहरू गर्नु /एक अर्कालाई सहयोग गर्नु

ख) मनोसामाजिक समस्या

मन (व्यक्ति) तथा समाज बीच हुने निरन्तर अन्तरक्रिया भईरहन्छ । यसमा तालमेल नमिल्दा व्यक्तिमा उत्पन्न हुने भावनात्मक समस्यालाई मनोसामाजिक समस्या भनिन्छ । जसले व्यक्तिको दैनिक क्रियाकलापमा बाधा पुऱ्याउँदछ । यसले व्यक्तिहरूको भावना, सोचाई, धारणा र व्यवहारमा परिवर्तन आउने गर्दछ र व्यक्तिको भावना (मन), शरीर, व्यवहार र सम्बन्धमा विभिन्न समस्याहरू देखिन्छ भने त्यो नै मनोसामाजिक समस्या हो । जुन सामाजिक पक्षसँग मेल नखादा कुनै व्यक्तिको भावनामा आउने समस्या हो । एक व्यक्तिको कारण समुदायमा रहेका अन्य व्यक्तिहरू र समुदायका कारण व्यक्तिलाई मनोसामाजिक समस्याहरू हुन सक्छ । मनोसामाजिक समस्या भए पछि व्यक्तिको व्यबहार वा क्रियाकलाप असामान्य हुन्छ र उसलाई दैनिक क्रियाकलाप सुचारू रूपले संचालन गर्न पनि कठिन हुन्छ ।

उदाहरणका लागि : एक दम्पतीको एक आपसमा राम्रो सम्बन्ध थिएन । यसको कारण थियो, श्रीमान मादक पदार्थ सेवन गरी हरेक दिन श्रीमतिलाई कुटपिट गर्दथे । त्यसको प्रभावले गर्दा उनी (श्रीमति) डरले घरवाट वाहिर ननिस्कने, अरू पुरूष देख्दा पनि डराउने, मनमा अनेक शंका उपशंकाहरू उज्जने आदी जस्ता समस्याहरूबाट ग्रसित भईन् । यि समस्याहरूले गर्दा उनमा एकदमै आत्तिने, तर्सिने, काममा ध्यान नजाने आदि जस्ता समस्याबाट ग्रसित भईन् ।

माथिको उदाहरणमा मादक पदार्थ सेवन गरी कुटपिट गर्नु मनोसामाजिक समस्याको कारक तत्व हो भने महिलामा आएको डर, त्रास, शंकालु व्यवहार मनोसामाजिक समस्याका लक्षणहरू हुन् । जसको कारणले ती महिला छिट्टै आत्तिने, तर्सिने मात्र नभई उनको अन्य व्यवहार पनि असामान्य भएको थियो । यी परिर्वतित व्यवहारले ती महिलालाई सामान्य जीवन सुचारू गर्न पनि वाधा पुऱ्याएको थियो । तसर्थ, यी सामाजिक घटना मनोसामाजिक समस्याका कारण हुन भने मनमा आउने नकारात्मक परिवर्तनहरू मनोसामाजिक समस्याका अभिव्यक्ति हुन् ।

भावनाहरु व्यक्त गर्ने तरिकाहरु

व्यक्ति दुःखी भएको समयमा आफ्ना मनका भावनाहरू फरक तरिकाले अभिव्यक्त गर्ने गरेको पाइन्छ । यदी कोही व्यक्तिले मनको भावनाहरू तल दिईए वमोजिम भनिरहेको छ भने उक्त व्यक्तिको मनमा केही कठिनाई भएको छ भनेर बुझ्न सकिन्छ । ती केही अभिव्यक्तिहरू निम्न अनुसार छन्:

- मन भत्-भत् पोल्छ ।
- टाउको तातिन्छ ।
- आत्मा रून्छ ।
- दिक्क / विरक्त लाग्छ ।
- नरमाइलो लाग्छ ।
- जिउ सिरिङ्ग सिरिङ्ग हुन्छ ।
- मुटु झस्किन्छ ।
- मन चिसो हुन्छ ।
- जिउ भारी हुन्छ ।
- जिउ गल्छ ।
- जिउ झन्किने हुन्छ ।
- छाती पोलेको जस्तो हुन्छ ।
- छाती थिचेको जस्तो हुन्छ ।
- हात खुटा छुटेको जस्तो हुन्छ ।
- लल्याक लुलुक हुन्छ ।

यी माथि उल्लेखित अभिव्यक्तिहरू बाहेक समाज, संस्कृति अनुसार फरक अभिव्यक्ति वा लक्षणहरू हुनसक्दछन् । हरेक क्षेत्र र समुदाय अनुसार समस्यालाई व्यक्त गर्ने तरिकाहरू पनि फरक फरक हुन्छन् । त्यसैले व्यक्ति कस्तो समुदायमा हुर्केको छ, समस्यालाई उसले कसरी व्यक्त गर्दछ, ती कुराहरू बुझेको खण्डमा व्यक्तिलाई बुझ्न सकिन्छ ।

मनोसामाजिक समस्या झल्काउने तस्विरहरू

खान मन नलाग्ने



एक्लै बस्न मन लाग्ने

निन्द्रा नलाग्ने

समुहमा घुलमिल हुन नसक्ने नलाग्ने

ग) मनोसामाजिक समस्याका कारणहरु

मानिसहरूमा मनोसामाजिक समस्या धेरै कारणहरूबाट हुन सक्दछ । कुनै एउटा कारणले मात्र मनोसामाजिक समस्या हुन्छ भन्ने छैन । त्यस्तै अर्को कुरा कुनै एउटा मानिसलाई मनोसामाजिक समस्या भएको कारणले नै अर्को मानिसलाई पनि त्यस्तै समस्या हुन सक्छ भन्न सकिदैन किनभने कोहि ब्यक्तिसँग कुनै समस्यासँग लड्न सक्ने क्षमता बढी हुन्छ भने कोहिसँग कम ।

उदाहरणको लागि सीगौरीपूर भन्ने गाँउबाट एकजना हरक प्रसाद कालीकोटे र अर्को झम्क कुमार लामीछाने भन्ने मानिसहरू वैदेशिक रोजगारका लागि सोहि ठाउँको चिम्री प्रसाद शर्मा भन्ने दलाल मार्फत विदेश गएका थिए । तर उनीहरू दुबैले भनेको ठाउँमा जागीर पाएनन् र भने जति तलब पनि पाएनन् र अन्त्यमा उनीहरूले तोकिए भन्दा तल्लो स्तरको काम गर्नु पऱ्यो जसको कारण हरक प्रसाद कालिकोटेलाई, घरमा पैसा पठाउन पाईएन, नराम्रो काम गर्नु पऱ्यो, मेरो इज्जत गयो, धेरै समय नराम्रो काम गर्नु पऱ्यो अनि उसलाई अब के गर्ने कसो गर्ने, जस्तो छटपट भईरहने, निन्द्रा नलाग्ने, काम गर्न मन नलाग्ने, कामको बारेमा सोचिरहने, सधै रून मात्र मन लागीरहने, घरका मानिसहरूसँग टेलिफोनमा थोरैबेर कुराकानी गर्ने, जतिबेर कुरा गरेपनि रोइरहने जस्ता समस्या भयो भने झम्क कुमार लामीछानेलाई अब यस्तै भयो, जे भयो भईगो अब कसरी अगाडी बढ्ने भनेर चिन्ता नलिई राम्ररी काम गरेर दुई बर्ष पछि घर फर्कियो ।

यसबाट के बुझ्न सकिन्छ भने एकै प्रकारको कारणले सबैलाई मनोसामाजिक समस्या हुन्छ भन्ने छैन । अघि माथि नै भनिए झै मनोसामाजिक समस्या धेरै कारणहरूबाट हुन सक्दछ । यी बिभिन्न कारणहरू मध्ये मानव बेचबिखन तथा ओसारपसार पनि एउटा हो । वेचबिखन वा ओसारपसारमा परेका व्यक्तिहरू यौनजन्य तथा मानसिक हिंसामा पर्ने सम्भावना बढी हुन्छ । उनीहरूले शारीरिक तथा मानसिक यातना भोगेका हुन सक्दछन्, राम्रो खानपान बसाई नपाएका हुन सक्दछन्, परिवार, आफन्त तथा साथीभाईहरूसँग राम्रो सम्पर्क वा सम्वन्ध राख्न नसकेका हुन सक्दछन्, काम गर्ने वा बस्ने स्थानमा एकदमै खतनाक र भयाभय अवस्थाको अनुभव गरेका हुन सक्दछन्, भावानात्मक रूपमा आक्रमणमा परेका हुन सक्दछन् जसले गर्दा त्यस्ता मानिसहरूमा मनोबैज्ञानिक असर पर्न गई मनोसामाजिक समस्या उत्पन्न हुन सक्दछ ।

मानिसहरूमा मनोसामाजिक समस्या हुने बिभिन्न कारणहरूमध्ये केही मुख्य कारणहरू :

- प्रत्यक्ष रूपमा मानब बेचबिखन तथा ओसार पसार,
- कसैले ललाई फकाई वा प्रलोभनमा पारी कसैको शरीरको कुनै अगं झिक्न लगाउनु वा बेच्न लगाउनु,
- कसैलाई जर्वजस्ति बेस्यावृतिमा लगाउनु,
- बालबालिकालाई निष्कृट प्रकारको काममा लगाउनु,
- देवि देवताका लागी कसैका छोराछोरी चढाउनु, तथा चढाउने नाममा एक ठाऊबाट अर्को ठाऊमा लैजानु,
- बोक्सीको आरोप लगाउनु,
- दाइजो प्रथा,
- लागूपदार्थको प्रयोग,
- प्राकृतिक प्रकोप,

- दिर्घ (लामो समयका) रोगहरू लाग्नु,
- कामको उचित मुल्याकंन नहुनु,
- घरेलु हिंसा तथा दुर्व्यवहार,
- यौन तथा लैङ्गिक हिंसा,
- कमजोर आर्थिक अवस्था,
- दुर्घटना,
- यातना,
- भेदभाव,
- समान सहभागिता नहुनु,
- बेरोजगारी,
- असफलता,
- बिछोड,
- बाल्यकालका अप्रिय घटनाहरू,
- बेवास्ता,
- भावनाको कदर नहुनु
- द्वन्द्व
- झगडा (राजनैतिक, परिवारिक र सामाजिक) आदि ।

घ) मानव बेचविखन र मनोसामाजिक समस्या

मानव बेचविखन तथा ओसारपसार, हाम्रो देश नेपालको लागि एउटा ठुलो चुनौतिको रूपमा रहदै आएको छ र यो समस्या नेपालमा मात्र नभएर विश्वव्यापि रूपमा फैलिरहेको छ । पर्याप्त ज्ञान र अवसरको खोजिको कारण धेरै मानिसहरू जानी वा नजानी बेचविखन तथा ओसारपसारको शिकार बन्न पुगेका छन् । बेचविखन तथा ओसारपसारमा परेका व्यक्तिहरूलाई उनीहरूको शारीरिक स्वास्थ्यलाई ख्याल नगरी उनीहरूको इच्छा विपरित रोजगारदाताले धेरै काममा खटाउने, इच्छा विपरित काममा लगाउने, शोषण गर्ने लगायत अन्य पिडाहरू दिने गर्दछन् । यसबाट कतिपय अवस्थामा उनीहरूले आफ्नो पहिचान पनि गुमाउन पुग्दछन् । यस्ता कारणहरूले उनीहरूमा मनोसामाजिक समस्या देखिन थाल्दछ । त्यस्ता व्यक्तिहरू यदि आफ्नो घर-समुदायमा फिर्ता भईहाले पनि उनीहरूलाई सजिलै समाजले सजिलै स्वीकार नगर्न सक्दछ । समुदायले उनीहरूलाई तल्लो स्तरको व्यक्तिको रूपमा व्यवहार गर्न सक्दछन् जसका कारणले उनीहरूमा मनोसामाजिक समस्या उत्पन्न हुन सक्दछ । कुनै कुनै अवस्थामा यो कुरा ठीक विपरित पनि हुनसक्छ । मनोसामाजिक समस्या भएकै कारणले गर्दा कतिपय मानिसहरू बेचविखनमा परेका पनि छन् । जस्तैः आर्थिक रूपमा एकदम कमजोर भएको मानिस, मनमा छटपट भई एक ठाउँबाट अर्को ठाउँमा भौतारिरहेको मानिस, ऊ आफ्नै र आफ्नो परिवारको आवश्यकता पुरा

गर्न जस्तोसुकै काम गर्न पनि तयार रहन्छ त्यस्तै उ जहाँ पनि जोखिममा रहन सक्छ जसको कारणले गर्दा ऊ बेचविखन तथा ओसारपसारमा पनि पर्नसक्छ ।

ङ) मनोसामाजिक समस्याका लक्षणहरू तथा असरहरू :

मनोसामाजिक समस्या भए पछि व्यक्तिको चार पक्ष : मन, शरीर, व्यवहार र सम्बन्धमा असर पुग्छ वा चार पक्ष मध्ये कुनै एक वा दुईमा पनि असर पुग्न सक्छ । कुनै एक वा दुई पक्षमा देखिएको असरले अर्को पक्षमा असर भैरहेको पनि हुनसक्छ । व्यक्तिको व्यक्तिगत क्षमता, सकारात्मक सामना गर्ने व्यवहार छ भने पूर्वाअवस्थाग्रहण (पहिलेकै स्वाभाविक अवस्थामा फर्कनु) गर्न सजिलो हुन्छ । तर व्यक्तिमा व्यक्तिगत क्षमता कमजोर छ, सामना गर्ने व्यवहार र सामाजिक सहयोग प्रणाली पनि कमजोर छ भने व्यक्तिलाई मनोसामाजिक समस्या हुन सक्दछ ।

क) मनमा देखिने लक्षण तथा असरहरू	ख) शारीरिक लक्षण तथा असर	ग) व्यवहारमा देखिने लक्षण तथा असर	घ) सामाजिक सम्बन्धमा देखिने लक्षण तथा असर
• दुखित हुने, • पिडा र तनावमा भईरहने, • चिन्तित भईरहने, • एक्लै बस्न मन लाग्ने, • शंका लाग्ने, • रीस उठ्ने, • आत्मसम्मान कम भएको महसुस गर्ने, • दोधारमा पर्ने र बिर्सने आदि	• छिटै थकाई लाग्ने, • रिङ्गटा लाग्ने, • झाडापखाला लाग्ने, • जोर्नी दुखिरहने, • टाउको दुख्ने, पेट दुख्ने, • जीउ दुख्ने, • हातखुट्टा झम्झमाउने, • वान्ता आउने, • शरीर तातिने, • रक्तचाप बढ्ने (ब्लड प्रेसर हाई) आदि ।	• झगडालु, • आक्रमक हुने, • कुनै काम नगर्ने, • एक्लै बस्न मनपराउने, • नबोल्ने वा धेरै बोल्ने, • खान मन नगर्ने, • लागूपदार्थको प्रयोग गर्ने, • छटपटि हुने, • यौन चाहनामा कमि आउने, • निन्द्रामा गडबडी हुने आदि ।	• अरू मनिसहरूसँग सम्बन्ध बिग्रने, • एक्लिने वा टाढिने, • सम्बन्ध बिच्छेद हुने, • साथीभाइ तथा आफन्तसँग टाढा हुने, • समाज बिरोधी क्रियाकलापमा संलग्न हुने आदि ।

बिशेष त मानव बेचबिस्वन तथा ओसारपसारमा परेका प्रभावितहरुमा देख्वीन सक्ने मुख्य लक्षण तथा अशरहरु

- भविष्य प्रति बढी चिन्तित हुने,
- असुरक्षित महसुस गर्ने,
- कसैलाई विस्वास नगर्ने,
- प्रतिशोधको भावना लिने,
- अनावस्यक रीस उठ्ने,
- एक्लो महसुस गर्ने,
- आत्मविश्वासमा कमि हुने,
- समाजमा घुलमिल हुन नसक्ने,
- आफुलाई दोषि ठान्ने,
- अत्याधिक डराउने
- समाज र परिवारबाट अपहेलित हुने,
- आत्महत्याको सोचाई आउने,
- पहिलाको घट्ना बारम्बार सम्झीरहने,
- निर्णय लिन नसक्ने,
- हिनतावोध तथा आत्मग्लानि बोध गर्ने,
- दैनिक कृयाकलापमा भिन्नता आउने,
- छटपटि हुने आदी ।

च) मनोसामाजिक समस्याका सामना गर्ने बिधिहरु

मनोसामाजिक समस्या भएमा कतिपय अवस्थामा आफैले समस्याबाट बच्न निम्न उपायहरू अपनाउन सकिन्छ :

- आफूलाई के भईरहेको छ भन्ने ध्यान दिने ।
- मन मिल्ने वा आफूलाई विश्वास लाग्ने व्यक्ति (साथिभाई वा आफन्त) सँग आफ्ना समस्या वा कठिनाईहरूको बारेमा कुराकानी गर्ने ।
- एक्लै नवस्ने, समुहमा घुलमिल हुने ।
- आफ्नो शारीरिक सरसफाई, खानपानमा ध्यान दिने र प्रशस्त आराम गर्ने ।
- आफुमा भएको सकारात्मक कुराहरू (सिप, ज्ञान आदी) लाई सम्झने र ति क्रियाकलापहरू गर्ने ।
- आफ्नो विश्वास अनुसारको ध्यान, पुजापाठ, प्रार्थना गर्ने ।
- व्यायाम, योगा, कसरत आदि गर्ने । मनोरन्जनात्मक क्रियाकलापहरूमा सहभागी हुने (उदाहरणको लागी आफ्नो इच्छा र रूचि अनुसार फिल्म हेर्ने, घुम्न जाने वा बिभिन्न खेलहरू खेल्ने) अथवा आफ्नो समुदायमा हुने बिभिन्न मनोरन्जनात्मक क्रियाकलाप जस्तै मेलाहरू, सास्कृतिक कार्यक्रममा सहभागि हुने आदि) ।

ध्यान गरेर तथा कहिलेकाही एकैछिन एकान्तमा बसेर

साथिसँग मनका कुरा गरेर

आफ्नो ईच्छा अनुसार खेल तथा सांस्कृतिक कार्यक्रममा भाग लिएर

लेख पढ गरेर

आफुले कोशिस गर्दागर्दै पनि समस्याहरूको समाधान नभएमा मनोविमर्श सेवा लिनु पर्दछ ।

भाग: तिन

क) मानव बेचबिखन तथा ओसारपसारबाट पिडित/ प्रभावितहरुलाई पुर्नएकिकरण प्रकृया

कुनै मानिस बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावित भएको छ भन्ने जानकारी प्राप्त भएमा यथासक्य चाडो निजलाई तलका प्रकृयाहरू अवलम्वन गरेर समुदाय तथा परिवारमा पुर्नएकिकरण गर्नु पर्दछ :

- सर्वप्रथम, कुनै पनि तरिकाबाट निज बेचबिखन तथा ओसारपसारमा परेको हो होईन पत्ता लगाउनु पर्दछ । यदि हो रहेछ भने निज रहेको स्थान र अवस्थाको बारेमा सूचना संकलन गर्नु पर्दछ । यदि सकिन्छ भने पीडक (बेचबिखन तथा ओसारपसारमा सम्लग्न मानिसहरू) को बारेमा पनि सुचना संकलन गर्नु पर्दछ ।
- यसको सूचना छिटो भन्दा छिटो नजिकको प्रहरी कार्यालयलाई वा

स्थानिय बेचबिखन तथा ओसारसार नियन्त्रण समितिलाई दिनु पर्दछ ।

- प्राप्त सूचनाको आधारमा प्रहरी तथा स्थानिय बेचबिखन तथा ओसारसार नियन्त्रण समितिले कसरी उद्दार गर्ने, को को संलग्न हुने, कसको कस्तो भुमिका हुने सहित गोप्य र पूर्ण योजना सहित उद्दार गर्नुपर्दछ ।

उद्दारका क्रममा मानव अधिकारका सर्वमान्य सिदान्तहरुलाई अवलम्वन गर्ने ।

- उद्दार पछि प्राथमिक सहयोग जस्तै सामान्य स्वास्थ्य जाँच, सुरक्षित आवास, भोजन तथा मनोविमर्श सहयोग प्रदान गर्नुपर्दछ ।
- पीडित/प्रभावितको तत्कालको आवश्यकताको पहिचान (लेखाजोखा) गरी आवश्यकताको आधारमा पुनर्स्थापना केन्द्र वा संरक्षित गृहमा राख्नु पर्दछ ।
- न्यायको लागी कानूनी प्रकृया अवलम्वन गर्ने तथा मनोबिमर्श, स्वास्थ्य सेवा, सीप वा रोजगारीमुलक तालिम, बिउपुजी जस्ता सहयोग आवश्यकताका आधारमा प्रदान गरी परिवार तथा समुदायमा जति सकिन्छ चाडो सम्पर्क स्थापित गर्नुपर्दछ ।
- परिवार तथा समुदायमा जति सकिन्छ चाडो पुनर्स्थापनाको प्रकृया शुरू गर्नुपर्दछ ।
- परिवार तथा समुदायमा पुनर्स्थापित गर्दा - सीप तथा बिउपुजी/रोजगारी सहित सामान्य अवस्थामा परिवारलाई बुझाउनु पर्दछ ।
- परिवार तथा समुदायमा पुनर्स्थापित गरीसके पछि पनि समय समयमा अनुगमन गर्नु (अनुगमनका क्रममा केहि समस्या देखिए तुरून्त सेवा प्रदायककोमा सिफारिस गर्ने) पर्दछ ।
- सेवा प्रदायक निकायहरूले आपसि समन्वयमा काम गर्नुपर्दछ ।

ख) मानव बिस्वन तथा ओसारपसारबाट प्रभावितहरुलाई परिवार तथा समुदायले पुऱ्याउनुपर्ने सहयोग ।

परिवारले पुऱ्याउनु पर्ने सहयोग

कोहि पनि मानिस बेचविखन तथा ओसारपसारबाट पिडित भएको अवस्थामा उक्त व्यक्तिलाई परिवारले प्रभावकारी सहयोग गर्नु पर्दछ किनभने परिवारनै भावनात्मक रूपमा उक्त व्यक्तिसँग नजिक हुन्छ । व्यक्ति परिवारमै हुर्किने बढ्ने भएकाले परिवारमा नै उसको अटुट विस्वास हुन्छ । यस्ता व्यक्तिहरू भावनात्मक रूपले परिवार तथा समुदायमा घुलमिल भएको महसुस गर्न सकेको खण्डमा मात्र समाजमा पुर्ण रूपले पुनर्स्थापित हुन सक्दछन् । परिवारको सहयोगबाट पनि समुदायमा घुलमिल गराउन सजिलो हुन्छ । यस्तो अवस्था श्रृजना गर्नको लागी परिवारले नै प्रमुख सहयोगकर्ताको भुमिका निर्वाह गर्नुपर्दछ । अन्य व्यक्ति वा संघ संस्थाले सधैभरी सहयोग पुऱ्याउन सम्भव पनि हुदैन ।

त्यसैले परिवारले नै सहयोगीको भुमिका निभाउनु पर्दछ ।

परिवारले पिडित/प्रभावित व्यक्तिहरूलाई निम्न लिखित तरिकाले सहयोग पुऱ्याउनु पर्दछ :

- पिडितलाई सुरक्षित रूपमा उद्दार गर्न पहल गर्ने ।
- उद्दार पछि प्राथमिक सहयोगका साथै सुरक्षित आवासको ब्यवस्था गर्ने ।
- अवस्था अनुसार संरक्षण गृहको लागी पहल गर्ने ।
- सामान्य व्यबहार गर्ने । (सक्दो थप सहयोग गर्ने तर थप सहयोग पुऱ्याए जस्तो व्यवहार नदेखाउने)
- अपहेलना, दया, घृणा, तिरस्कार आदि नगर्ने ।
- परिवार तथा समुदायमा सहज घुलमिल हुने वातावरणको सृजना गर्ने, माया ममता र स्नेह गर्ने ।
- अपहेलना तथा तिरस्कार आदि गर्नेहरूलाई कानुनी दायरामा ल्याउन पहल गर्ने ।
- दवाव दिएर वा अनावश्यक रूपमा कुनै पनि कुरा सोधपुछ नगर्ने ।
- पिडित ब्यक्तिले ब्यक्त गर्न खोजेको कुरा सोहि समयमा ध्यान दिएर सुनिदिने ।
- पिडित ब्यक्तिले भनेका कुरालाई राम्रो वा नराम्रो भनेर नभन्ने वा तर्क नगर्ने ।
- कानुनी सहायता तथा मनोसामाजिक सहयोगको लागि पहल गर्ने ।
- पिडित / प्रभावितको अन्य ब्यवहारहरूलाई नजिकबाट नियाल्ने ।
- पिडकलाई कानूनी दायरामा ल्याउन पहल गर्ने । प्रहरी तथा अदालतले बोलाएको बेला हाजिर हुने ।

समुदायले पुऱ्याउनु पर्ने सहयोग

मानव ओसारपसार तथा बेचविखनबाट प्रभावित भएको अवस्थामा उक्त ब्यक्तिलाई समुदायमा पुनर्स्थापित गर्नको लागी परिवार पछि समुदायको पनि महत्वपुर्ण भुमिका रहन्छ । समुदायले पिडित व्यक्तिलाई राम्रो ब्यवहार गर्ने कार्यमा महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्दछ । समुदायले सहजै स्वीकार गरेको अवस्था वा भेदभाव रहित साधारण ब्यवहार गरेमा पिडित समुदायमा घुलमिल हुने सम्भावना वढि रहन्छ । यस्तो वातावरण श्रृजना भएको अवस्थामा पिडित पुर्ण रूपले समाज तथा परिवारमा पुनर्स्थापित हुन सक्छन् । समुदायले पिडित ब्यक्तिलाई निम्न लिखित तरिकाले सहयोग पुऱ्याउनु पर्दछ :

- सामान्य व्यबहार गर्ने । (सक्दो थप सहयोग गर्ने तर थप सहयोग पुऱ्याए जस्तो व्यवहार नदेखाउने)
- पिडित /प्रभावितहरूको परिवारले मागेको सहयोग उपलब्ध गराउने वा उपलब्ध गराउन पहल गर्ने ।
- अपहेलना, दया, घृणा, तिरस्कार आदि नगर्ने ।
- समुदायमा घुलमिल हुने वातावरणको विकास गर्ने ।
- अपहेलना तथा तिरस्कार गर्नेहरूलाई कानुनी दायरामा ल्याउन पहल गर्ने ।
- दवाव दिएर वा अनावश्यक रूपमा कुनै पनि कुरा सोधपुछ नगर्ने ।
- पिडित ब्यक्तिले ब्यक्त गर्न खोजेको कुरा सोहि समयमा ध्यान दिएर सुनिदिने ।
- पिडित ब्यक्तिले भनेका कुरालाई राम्रो वा नराम्रो भनेर नभन्ने वा तर्क नगर्ने ।
- कानुनी सहायता तथा मनोसामाजिक सहयोगको लागि पहल गर्ने ।
- समाजमा जनचेतना जगाउने ।
- विभिन्न सिप मुलक तालिम प्रदान गर्ने संघ संस्थाहरूमा समन्वय गरी सहयोगको लागी पहल गरिदिने ।
- गाँउ समुदायबाट गर्न /पुऱ्याउन सकिने सहयोग पाउने वाताबरण बनाउने वा यसको लागि पहल गरिदिने ।
- रोजगारी तथा बिउँपुजी प्राप्त गर्न पहल गरिदिने ।

भाग : चार

(क) मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावितहरुलाई मनोसामाजिक सहयोगका लागी सिफारिस

यदि हामी कसैले पनि हाम्रो समुदायमा मानव बेचविखन तथा ओसारपोसार बाट पिडित / प्रभावितहरू मनोसामाजिक समस्या भएको थाहा पाएका छौं भने उनीहरूलाई मनोसामाजिक सहयोगका लागी तल दिईएका सेवा प्रदायक सस्थांमा सम्पर्क गरी सेवा दिलाउन सहयोग गरौं ।

क्रसं	जिल्ला	सस्थांको नाम	सम्पर्क नं
१	काठमाण्डौ	टि. पी. ओ. नेपाल बालुवाटार, काठमाडौ	०१ ४४३१७१७
		माईति नेपाल पिंगलास्थान गौशाला, काठमाडौ	०१४४९४८१६
		ए वि सि नेपाल नरेफाट, कोटेश्वर, काठमाडौ	०१ ६६३५०५०, ६६३०३४६
		क्याप नेपाल, चुनदेवि, महाराजगंज, काठमाडौ	०१६२१६६१६
		त्रिभुवन शिक्षण अस्पताल महाराजगंज, काठमाडौ	
		शक्ति समुह, काठमाडौं	४४८५२३८
२	मकवानपुर	टि. पी. ओ. नेपाल सम्पर्क कार्यालय चौकि टोल हेटौडा–२	९८४५४४१४०९
		शक्ति समुह, हेटौडा	
३	काभ्रेपलाञ्चोक	टि. पी. ओ. नेपाल सम्पर्क कार्यालय धुलिखेल	९८४८०५१९८७
४	सिन्धुपलाञ्चोक	टि. पी. ओ. नेपाल सम्पर्क कार्यालय/ जिल्ला अस्पताल चौतारा, सिन्धुपलाञ्चोक ।	०११६२००९२, ९८४९०९८२७९
५	बाँके	टि. पी. ओ. नेपाल सम्पर्क कार्यालय, नेपालगंज, बाँके	९७४८५२३५९५
		साथी संस्था, नेपालगंज	०८१-५२३०७७
		सिवीन, नेपाल	०८१-५२७१००
६	कञ्चनपुर	टि. पी. ओ. नेपाल सम्पर्क कार्यालय ३ नं. गल्ली महेन्द्रनगर	९८४८७५८८७१

सन्दर्भ सामग्री :

महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय. (२०६४). मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, -http://www.mowcsw.gov.np/policies-12-np.html)

महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय. (२०६४).मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियामवली, २०६५, http://www.mowcsw.gov.np/policies-12-np.html

महिला वालवालिका तथा समाजकल्याण मन्त्रालय. (२०६४). मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८, http://www.mowcsw.gov.np/policies-12-np.html.

UNICEF – Nepal. (2003). बिशेष संरक्षणको आवश्यकता भएका वालवालिकाहरूका लागी मनोसामाजिक मनोविमर्श बारे प्रशिक्षण पुस्तिका, तेस्रो सस्करण २००३, यून भवन, पुल्चोक, नेपाल ।

ILO. (2002). Specialized Training Manual on psychosocial counseling for trafficked youth , ILO- IPEC Kathmandu Nepal.

UNICEF Nepal/TPO Nepal-(2064) शिक्षक निर्देशिका (मिना) प्रथम संस्करण